## सम्झौताको उद्देश्य

सरकारले गत साता दुईवटा आन्दोलनकारी मोर्चाहरूसँग दुई भिन्नाभिन्नै सम्झौता गरी आगामी चैत २८ को संविधानसभा निर्वाचनको राजनीतिक वातावरण बनाएको छ । यी सम्झौतापछि दुवै मोर्चाले आफ्ना अनिश्चितकालीन हडताल समाप्त गरेका छन् भने सरकारले सम्झौता कार्यान्वयन क्रमशः गर्दै जाने घोषणा गरेको छ । ढिलै भए पनि आन्दोलनकारीहरूसँग सम्झौता गरी सरकारले संविधानसभा निर्वाचन सम्पन्न गर्ने आफ्नो दायित्व पूरा गर्ने अग्रसरता देखाएको छ ।

संयुक्त मधेसी लोकतान्त्रिक मोर्चा र संघीय गणतान्त्रिक मोर्चा, नेपालसँग गरिएका सम्झौताहरूको मूल उद्देश्य नेपालमा स्वायत्त प्रदेशहरू खडा गर्ने देखिएको छ । यसअघिका सम्झौता तथा घोषणाहरूबाट नेपाललाई संघीय गणतन्त्रात्मक राज्य बनाउने निधो भइसकेको थियो । विशेषगरी तराई मधेस र पूर्वी पहाड केन्द्रित यी मोर्चाहरूले संघीयतामा जाने भए पनि प्रदेशहरू कस्ता हुन्छन् र केन्द्रीय राज्यसँग तिनको कस्तो सम्बन्ध हुन्छ भन्ने अहिल्यै किटान गर्ने माग गरेका थिए । त्यहीअनुसार भएका हडतालले देशको विशेषगरी आपूर्ति व्यवस्था ठप्प पारेको थियो भने जनजीवन अस्तव्यस्त तुल्याउँदै गएको थियो ।

दुवै सम्झौताले मधेस, लिम्बुवान, खम्बुवान, तामाङसालिङ, थरूहटलगायतका आदिवासी जनजाति, दलित, पिछडिएका वर्ग र जातिहरूको ऐतिहासिक पृष्ठभूमि, भाषा, भौगोलिक क्षेत्र र आर्थिक स्रोत तथा सम्भाव्यताका आधारमा वैज्ञानिक स्वशासनयुक्त स्वायत्त गणराज्यसहितको संघीय शासन प्रणाली कायम गर्ने प्रतिबद्धता स्थापित गरेका छन् । यसको रूपरेखा संविधानसभाबाट तय गर्ने वाचा गरिएको छ । त्यस हिसाबले संविधानसभा निर्वाचन आगामी स्वायत्त प्रदेशहरूसहितको संघीय गणतन्त्रात्मक राज्य बनाउन महत्त्वपूर्ण हुने भएको छ । राजनीतिक दलहरूले निर्वाचनमा उम्मेदवारीलाई पनि त्यसैअनुसार समावेशी बनाउने प्रयास गरेका छन् ।

स्वायत्त प्रदेशहरूको नेपाल के कसरी बनाउने सजिलो भने पटक्कै छैन । जातजाति, भाषाभाषी हिसाबले मात्र होइन, आर्थिक वर्गहरू र क्षेत्रीय दृष्टिकोणले पनि नेपाल ज्यादै विविधतायुक्त छ । यस्तोमा राज्य पुनर्संरचना ज्यादै जटिल हुनेछ । संविधानसभा निकै जिम्मेवारीपूर्ण हुनुपर्नेछ । त्यसका लागि योग्य उम्मेदवारहरूको चयन आवश्यक पर्नेछ । निर्वाचन स्वच्छ तुल्याउन सके जनताले आफ्ना सही उम्मेदवार छनौट गर्न सक्नेछन् । आखिर जनप्रतिनिधिले भोलि संविधानसभामा पनि विशेषज्ञहरूका समूहबाट राय सल्लाह र सुझाव लिनैपर्नेछ । नेपालजस्तो गरिब, कम साक्षरता भएको र जटिल सामाजिक, भौगोलिक सम्बन्धहरू भएको सानो देशलाई कस्तो शासन प्रणाली अपनाउँदा जनताको अधिकतम हित हुन्छ भन्ने विषय सर्वाधिक महत्त्वपूर्ण हुँदैछ ।

**अध्यक्ष तथा प्रकाशक** : हेमराज ज्ञवाली
**प्रबन्ध निर्देशक** : कैलाश सिरोहिया
**निर्देशक** : विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया
**सम्पादक** : नारायण वाग्ले
**संयोजक** : गिरीश गिरी
**अरब ब्युरो** : देवेन्द्र भट्टराई/दोहा ।
**सम्पादकीय समूह** : जितेन्द्र साह, दिनेश रेग्मी, सुदर्शन रिजाल, घनश्याम खड्का, तारा चाम्लिङ र प्रतिमा बाँस्कोटा
**सज्जा** : विश्वेश्वर श्रेष्ठ/राजकुमार शिवभक्ति
कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित । कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल । फोन नं. ४४८०१००, फ्याक्सः ९७७-१-४४७०१७८ ।

**कान्तिपुर कतार संस्करणका साझेदार तथा बिक्री र बजार प्रबन्धक** : केदारनाथ ढकाल
मुद्रण : अलि बिन अलि इस्ट्याब्लिसमेन्ट, दोहा ।
email : qatar@kantipur.com.np

# विदेशमा नेपाली सञ्चारमाध्यम

डा. हेमराज शर्मा

मुलुकबाहिर बस्ने नेपालीको संख्या बढ्ने क्रमसँगै नेपाली भाषाका सञ्चारमाध्यमको विकासले पनि गति लिँदैछ । अहिले नेपाल बाहिर सबै खालका सञ्चारमाध्यम, टेलिभिजन, रेडियो, छापा पत्रिका र अनलाइन पत्रिका उपलब्ध छन् । यिनीमध्ये कतिपय नेपालमा उत्पादन भई विदेशमा विस्तार भएका छन् भने कतिपय विदेशी भूमिमा नै उत्पादन भई सञ्चालनमा छन् । समाचारको सुलभताको हिसाबले अब देशभित्र रहनु र संसारको अन्य कुनै कुनामा रहनुमा खासै फरक नपर्ने भएको छ ।

**टेलिभिजन**

नेपालबाट प्रसारण हुने कान्तिपुर टेलिभिजन, इमेज च्यानल, नेपाल वन, नेपाल टेलिभिजनले भूउपग्रहीय प्रविधिबाट खाडी क्षेत्रमा आफ्नो बजार विस्तार गर्दै आएका छन् । बेलायतस्थित ग्यालेक्सी टेलिभिजनमार्फत नेपाल टेलिभिजनले युरोपमा आफ्नो सेवा वितरण गर्दै आएको छ । बेलायतकै नेपाली टेलिभिजन युकेले आफ्नो बजार युरोप हुँदै विश्वका अन्य क्षेत्रका दर्शकसम्म पुग्ने कोसिस गर्दैछ । विदेशी भूमिमा उत्पादित पहिलो नेपाली टेलिभिजन 'सगरमाथा टेलिभिजन' ले अमेरिकामा निरन्तरता पाइरहेको छ । भूउपग्रहीय प्रविधिबाट सीमित क्षेत्रमा मात्र उपलब्ध भए पनि इन्टरनेटको माध्यमबाट संसारको जुनसुकै कुनाबाट प्रत्यक्ष हेर्न सक्ने प्रविधिको विकास भएको छ । जापानस्थित नेपाल इन्टरनेसन टेलिभिजन नेटवर्क (एनआइटीभी) ले यस प्रविधिको प्रयोगबाट नेपालबाट प्रसारण हुने प्रायः सबै टेलिभिजन, रेडियो र एफएमहरूलाई पाठकसमक्ष पुर्‍याउँदै आएको थियो । तर उच्च र महँगो प्रविधि, कम गुणस्तर र कमजोर बजार व्यवस्थापनका कारणले एनआइटीभीको यस सेवाले लोकप्रियता हासिल गर्न नसकी हाल स्थगित छ ।

**रेडियो**

रेडियोहरूमा युके, ब्रुनाई र नेपालबाट संयुक्त रूपमा सञ्चलान हुने बीएफबीस (ब्रिटिस फोर्स ब्रोडकास्टिङ सर्भिस) गोर्खा रेडियो सबैभन्दा बढी विश्वव्यापी र सुलभ छ । ब्रिटिस गोर्खाहरूका लागि सञ्चालित यो रेडियो चौबीसै घन्टा इन्टरनेटको माध्यमबाट संसारको जुनसुकै कुनाबाट पनि प्रत्यक्ष सुन्न सकिन्छ भने तरङ्गमा आधारित परम्परागत रेडियो युके लगायत ब्रिटिस गोर्खाहरू कार्यरत बोस्निया, अफगानिस्तान, इराकलगायतका देशमा सुन्न सकिन्छ । विदेशमा कार्यरत ब्रिटिस गोर्खा र उनीहरूका परिवारबीच लोकप्रिय यस रेडियोले राष्ट्रिय स्तरदेखि जिल्लास्तरका समाचार, गीत संगीत, साहित्य लगायत विविध पक्षलाई समेटेको छ । अमेरिकाबाट सञ्चालन हुने दोभान र क्यानाडाबाट सञ्चालन हुने नमस्ते रेडियोहरू भने सीमित समयमा मात्र प्रसारण हुन्छन् । लोकप्रिय बीबीसी नेपाली सेवाका कार्यक्रमहरू इन्टरनेटमा उपलब्ध भएकाले फुर्सदमा समय मिलाएर सुन्न सकिने भएको छ ।

**अनलाइन पत्रिका**

अमेरिका, युरोप, मध्यपूर्व र एसिया प्यासिफिकबाट दुई दर्जनभन्दा बढी अनलाइन पत्रिका सञ्चालनमा छन् । नेपालबाट प्रकाशित प्रायजसो दैनिक, साप्ताहिक, पाक्षिक पत्रिकाहरू पनि इन्टरनेटमा उपलब्ध छन् । तर प्रवासी नेपालीहरूको समाचारका लागि भने अनलाइन पत्रिकामै भर पर्नुपरेको छ । अधिकांश अनलाइन नेपाल र विदेशबाट संयुक्तरूपमा सम्पादन र प्रकाशन हुँदै आएकाले नेपालका स्थानीय र राष्ट्रिय चासोका विषयदेखि लिएर प्रवासी नेपालीका गतिविधिका ताजा समाचार नियमितरूपमा पढ्न पाइन्छ । नेपालबाट पनि सम्पादन र प्रकाशन हुने भएकाले यी अनलाइनले थोरै मात्र भए पनि नेपालमा रोजगारको अवसर जुटाएका छन् । समाचारको साथमा साहित्य र मनोरञ्जनलाई पनि अनलाइनले स्थान दिएका छन् । नेपालमा इन्टरनेटको प्रयोग अत्यन्त कम भएकाले अनलाइन पत्रिकाले सम्पूर्ण स्वदेशवासी र प्रवासीलाई आपसमा जोड्न नसके पनि काठमाडौंलगायतका मुख्य सहरमा हुनेलाई प्रवासीका गतिविधिको जानकारी गराउन सफल छन् ।

■■■

**नेपाली सञ्चारमाध्यमले स्थानीय समाज र संस्कृतिसँग सम्बन्धित सामग्री तथा दैनिक जीवनका लागि आवश्यक पर्ने सामान्य नीति–नियमबारे जानकारी गराउन आवश्यक छ ।**

■■■

पेसागत र व्यावसायिक दृष्टिकोणले भन्दा प्रकाशनको व्यक्तिगत सोख र अन्य निहित कारणले सञ्चालन भएका अनलाइन खुट्याउन गाह्रो छैन । थोरैमात्र अनलाइनहरू पेसागत पत्रकारबाट सञ्चालित छन् । छापा पत्रिकाको दाँजोमा अनलाइन पत्रिका प्रकाशन गर्न प्राविधक रूपले सरल र सस्तो हुने, पत्रिकाको जस्तो वितरणको व्यवस्था गर्न नपर्ने, बजारको भौगोलिक सीमा नहुने, समाचार सामग्री जुटाउन कठिन नहुने कारणले यति धेरै अनलाइन सञ्चालमा आएका हुन सक्छन् । तर गुणस्तरीय पत्रकारिताका लागि अनलाइनहरूले निकै मेहनत गर्नुपर्ने देखिन्छ । अत्यन्तै संवेदनशील विषयलाई हल्कारूपमा समाचार प्रकाशन भएका, सस्तो लोकप्रियताको लागि सामान्य समाचारले उच्च महत्व पाएका, स्रोत नखुलेका गलत समाचार सम्प्रेषण भएका, समाचार साभारको स्रोत नखुलाइएका, भाषिक अशुद्धता लगायतका थुप्रै कमी कमजोरी नियमित रूपमा देखिन्छन् । सबै अनलाइन कानुनीरूपमा दर्ता भएका संस्थागत रूपमा प्रकाशन भएका छैनन् ।

**छापा पत्रिका र कतारमा कान्तिपुर**

बाहिर बस्ने नेपालीमध्ये सबैको इन्टरनेटमा पहुँच नभएकाले छापा पत्रिकाको सान्दर्भिकता अहिले पनि त्यति नै छ । एक अनौपचारिक तथ्यांकका अनुसार मध्यपूर्वमा कार्यरत दस लाखभन्दा बढी नेपालीमध्ये ५ प्रतिशतभन्दा कमलाई मात्र इन्टरनेटको उपलब्धता छ । टोकियोस्थित सोफिया विश्वविद्यालयका पत्रकारिता विषयका एक नेपाली विद्यार्थीको अनुसन्धान अनुसार अहिले भारत र नेपाल बाहेकका करिब एक दर्जन देशमा करिब दुई दर्जन नेपाली साप्ताहिक र पाक्षिक पत्रिका प्रकाशनमा छन् । यी देशमा हङकङ, मलेसिया, जापान, कतार, साउदी अरब, युएई, अस्ट्रेलिया, युके, युएसए आदि पर्दछन् । यी पत्रिकामध्ये कतिपय साधनस्रोतको कमीले नियमित रूपमा प्रकाशन हुन सकेका छैनन् । ऐक्यबद्धता मासिक लगायतका नेपालमा छापिने केही पत्रिकाहरूले आफ्नो बजार विदेशमा विस्तार गर्ने जमर्को गरेका छन् ।

यस परिस्थितिमा कतारबाट भरखर प्रकाशन हुन थालेको कान्तिपुर र पहिलेदेखि नै त्यहाँ प्रकाशित राजधानी साप्ताहिकले छापा पत्रिकाको निरन्तरताका लागि महत्वपूर्ण भूमिका खेल्नेछन् ।

कान्तिपुर कतार संस्कारणको प्रकाशनपछि मध्यपूर्वका त्यस प्रकाशनसम्म पहुँच हुने नेपालीलाई मातृभूमिप्रति बेखबर हुनु नपर्ने भएको छ । कान्तिपुर नेपाल संस्करणमा स्थान नपाएका प्रवासी नेपालीका समाचारलाई कतार संस्करणमा प्राथमिकता दिइएको छ, जुन स्वागतयोग्य छ । यसले गर्दा अब विदेशमा बस्ने नेपालीहरूले समाचारका लागि अनलाइन पत्रिकामा मात्र भर नपर्नुपर्ने भएको छ । कान्तिपुरको यस संस्करणलाई प्रवासी नेपलीको अनलाइन संस्करणमा विस्तार गर्न सकिए संसारभरका पाठक लाभान्वित हुने थिए। यसले गर्दा अहिले सञ्चालित अनलाइन पत्रिकाहरू प्रतिपर्स्धामा आउन बाध्य भएर गुणस्तर सुधार्ने मौका पाउने थिए।

**विदेशमा सञ्चालित पत्रिकाको भूमिका**

विदेशमा प्रकाशन हुने नेपाली भाषाका सञ्चारमाध्यमको भूमिका समाचार दिन मात्र सीमित रहनुहुँदै । आफू कार्यरत देशको भाषाको ज्ञान नहुँदा विभिन्न खालको दुर्घटना निम्तिने गरेका छन् । नेपाली सञ्चारमाध्यमले स्थानीय समाज र संस्कृतिसँग सम्बन्धित सामग्री तथा दैनिक जीवनका लागि आवश्यक पर्ने सामान्य नीति-नियमबारे जानकारी गराउन आवश्यक छ । विदेशमा नेपाली कामरदार समस्या, अधिकार, रोजगारको क्रममा विदेशको जेलमा निर्दोष नेपाली आदि विविध विषयमा खोजमूलक विषयलाई प्राथमिकता दिने हो भने वैदेशिक रोजगारमा देखिएका समस्याको सामाधान गर्न महत्वपूर्ण सहयोग हुनेछ ।

**पत्रकारिताको विकासमा सहयोगी भूमिका**

नेपाली सञ्चारमाध्यमलाई मुलुक बाहिर विकास, विस्तार र संबर्द्धन गर्न नेपाल पत्रकार महासंघ, प्रवासमा भएका नेपाली संघसंस्था, व्यवसायी तथा गैरआवासीय नेपाली संघ (एनआरएनए) जस्ता अन्तर्राष्ट्रिय सञ्जाल भएका संस्थाले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन् । मुलुकबाहिर सञ्चालनमा आएका पत्रपत्रिकालाई महासंघमा आबद्ध गरी पेसागत विकासमा सहयोग पुऱ्याउन सकिन्छ । तर महासंघको यसतर्फको दृष्टिकोण अस्पष्ट र फितलो देखिन्छ ।

## क्षमायाचना

कान्तिपुरको साप्ताहिक कतार संस्करणको फागुन १६, ०६४ अंकमा प्रकाशित 'बाख्रीकै जुनी भो हजुर' लेखमा आएको चुरोटे शब्दले समस्त नेपाली मुस्लिम समुदाय र त्यसमा पनि पहाडमा बस्ने मुस्लिम समुदायमा पर्न गएको आघातप्रति क्षमायाचना गर्दै भुलसुधार गरिएको छ ।

**(सम्पादक)**

## पाठक पत्र

### परदेशको नमिठो सपना

विदेशमा राम्रो कमाइको सपनाले म साथीहरूको लहैलहैमा कतार आइपुगेँ । दोहा विमानस्थलमा ओर्लेदेखि नै मेरा दुःखका दिन सुरु भए । प्रचण्ड गर्मी बीच रात दिन नभनेर काम गर्नुपर्ला भन्ने सोचेकै थिइनँ । त्यसमा पनि धेरै अप्ठेरा ठाउँहरूमा काम गर्नुपर्ने बाध्यता छ । कामदार सताइँदा रहेछन् । नेपाली कामदारलाई सबैले सीप नभएको भनेर हेप्दा रहेछन् । यसरी यहाँ काम गर्नु भन्दा त नेपालमै पनि धेरै पैसा कमाइन्छ भन्ने लागेको छ । मलाई कत्तिखेर नेपाल पुगौं जस्तो भइरहेछ । अर्काको देशमा बगाउने पसिना आफ्नै देशमा बगाउनु पर्दोरहेछ ।

**– आङ्छिरी शेर्पा**
दोलखा, हाल दोहा

### पासपोर्टमा ठाउँ भएन

पासपोर्ट देशभन्दा बाहिर जाने साधन हो । मुलुकबाहिर रहँदा व्यक्तिको छोटो परिचय पासपोर्टबाट पाउन सकिन्छ । काम, योग्यता, सीप त्यसैमा लेखिएको पेसाबाट सजिलै थाहा पाउन सकिन्छ ।

विदेशी दूतावासमा भिसाका निम्ति निवेदन दिँदा पेसाको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । खाडी देशमा समेत कुन कामको कोटा हो पासपोर्ट पछाडि पेसा परिवर्तन गरेर सम्बन्धित दूतावासमा प्रस्तुत गरिन्छ । हाम्रो परराष्ट्र मन्त्रालयले हालसालै जारी गरेको पासपोर्ट बुकमा कहीं पनि पेसा लेख्ने ठाउँ छैन । प्रशासन कार्यालय लमजुङबाट हालै एक मित्रले लिएको पासपोर्टमा यस्तो लेख्ने ठाउँ छैन ।

**– यमप्रसाद अधिकारी**
लमजुङ, हाल :काठमाडौं

### कहाँ पालना भएन

२२ फेब्रुअरीमा प्रकाशित अन्तर्वातामा वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष एल.पी साँबाले कामदारले आफू पुगेको देशको कानुन पालना गर्नुपर्छ भनेका छन् । ठीक हो । तर ओमनमा एक चेलीमाथि कुदृष्टि राखी बलात्कार गरेर गर्भवती बनाई घरबाट निकालियो । तपाइँ भन्न सक्नुहुन्छ, ती चेलीले त्यो देशको कानुन कहाँनेर पालना गरिनन् ? बरु यस्ता कुरा नियन्त्रण गर्न के कस्तो पहल गर्नु भएको छ ?

**– उत्तम गिरी**